काठमाडौं विश्वविद्यालय
योग तथा प्राकृतिक चिकित्सालय सञ्चालन निर्देशिका, २०८०

प्रस्तावना :

योग, प्राकृतिक चिकित्सा, आयुर्वेद एवं परम्परागत चिकित्सा पद्धतिहरूको, खोज-अनुसन्धान, अध्ययन-अध्यापन एवं समयसापेक्ष चिकित्सकीय प्रयोग गर्दै विश्व मानव समुदायलाई लाभान्वित तुल्याउने उद्देश्यले काठमाडौं विश्वविद्यालयद्वारा सामुदायिक, जनहितकारी, मुनाफारहित, स्वायत्त एवं आत्मनिर्भर चिकित्सालयका रूपमा स्थापित 'काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालय' लाई प्रभावकारी रूपमा सञ्चालन गर्न काठमाडौँ विश्वविद्यालय कार्यव्यवस्था नियमावली, २०४९ को नियम ४.१.२२ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी परिषद्ले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद : १
प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम 'काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालय सञ्चालन निर्देशिका, २०८०' हुनेछ ।

(२) यो निर्देशिका कार्यकारी परिषद्ले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(१) 'विश्वविद्यालय' भन्नाले काठमाडौं विश्वविद्यालय ऐन २०४८ अन्तर्गत स्थापित काठमाडौं विश्वविद्यालयलाई सम्झनुपर्छ ।

(२) 'निर्देशिका' भन्नाले काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालय सञ्चालन निर्देशिका, २०८० लाई सम्झनुपर्छ ।

(३) 'कार्यकारी परिषद्' भन्नाले काठमाडौं विश्वविद्यालयको कार्यकारी परिषद्लाई सम्झनुपर्छ ।

(४) 'चिकित्सालय' भन्नाले काठमाडौं विश्वविद्यालयद्वारा स्थापित, पनौती नगरपालिकाबाट सञ्चालन गर्न स्वीकृति प्राप्त काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालयलाई सम्झनुपर्छ ।

(५) 'सञ्चालक समिति' भन्नाले काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालयको सञ्चालन गर्नका लागि यस निर्देशिकाले निर्देश गरे अनुरूप गठित समिति सम्झनुपर्छ ।

(६) 'अध्यक्ष' भन्नाले भन्नाले चिकित्सालय सञ्चालक समितिका अध्यक्षलाई सम्झनुपर्दछ ।

(७) 'चिकित्सालय निर्देशक' भन्नाले चिकित्सालयका कार्यालय प्रमुखलाई सम्झनुपर्छ ।

३. निर्देशिकाको व्याख्या :

यस निर्देशिकाको व्याख्या सञ्चालक समितिले गर्नेछ । सञ्चालक समितिको व्याख्यासँग कसैले असहमति राखे त्यसको अन्तिम व्याख्या कार्यकारी परिषद्ले गर्नेछ ।

प.सं. ६५६ मिति २०८० ५।१८।१९

परिच्छेद : २
चिकित्सालय स्थापनाको उद्देश्य

४. चिकित्सालय स्थापनाको उद्देश्य निम्न अनुसार रहेका छन् :

(१) योग, प्राकृतिक चिकित्सा, आयुर्वेद एवं परम्परागत चिकित्सा पद्धतिहरूको खोज–अनुसन्धान, पठनपाठन र प्रयोगका लागि योग तथा प्राकृतिक चिकित्सालय तथा अनुसन्धान केन्द्र सञ्चालन गर्ने ।

(२) नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको योग एवं प्राकृतिक चिकित्सा पद्धतिको विकास, विस्तार एवं स्तरोन्नतिलाई फलीभूत पार्दै योग विधा एवं प्राकृतिक चिकित्सा विधाको चिकित्सकीय एवं शैक्षिक जग बसाउने ।

(३) दक्ष एवं योग्य योग तथा प्राकृतिक चिकित्सक, योग शिक्षक, योग प्रशिक्षक, योग थेरापिस्ट, प्राकृतिक चिकित्साका थेरापिस्ट जस्ता राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्त्वका जनशक्तिहरूको शिक्षण एवं प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी तुल्याउन आवश्यक प्रयोगात्मक संरचना प्रदान गर्ने ।

(४) योग, प्राकृतिक चिकित्सा, जडिबुटी चिकित्सा र परम्परागत नेपाली चिकित्सा पद्धतिहरूका क्षेत्रमा वैज्ञानिक खोज-अनुसन्धानलाई कायम राख्दै अभिनव अनुसन्धानहरूद्वारा यी विधाहरूलाई वैज्ञानिक तथ्य र प्रमाणका आधारमा स्थापित गर्दै जाने ।

(५) विश्व स्वास्थ्य सङ्गठनले परिकल्पना गरे अनुरूपको स्वास्थ्यका निर्धारक तत्वहरू जस्तै शरीर, मन, भावना, समाज, अध्यात्म, वातावरण, पेसा, आर्थिक-अवस्था आदिले स्वास्थ्यमाथि पर्ने प्रभाव र तिनीहरूका विभिन्न आयामहरूका बारेमा गहनतम अध्ययन गर्ने ।

(६) काठमाडौं विश्वविद्यालयद्वारा सञ्चालित स्वास्थ्य विज्ञानका विभिन्न विधाहरूसँग समन्वय गर्दै योग, प्राकृतिक चिकित्सा, आयुर्वेद एवं परम्परागत चिकित्सा पद्धतिहरूलाई चिकित्सकीय मूल धारमा स्थापित गर्ने ।

(७) योग तथा प्राकृतिक चिकित्सा सेवालाई स्वदेशी श्रम, सीप र प्रविधिहरूको प्रयोग गरी स्वावलम्बी बनाउने ।

(८) चिकित्सालयलाई योग तथा प्राकृतिक चिकित्साको विशिष्टीकृत एवं विशेषज्ञ सेवा उपलब्ध गराउने ज्ञान र सूचनाको उत्कृष्ट केन्द्रका रूपमा विकसित गर्ने ।

(९) योग तथा प्राकृतिक चिकित्सा सम्बन्धी आवश्यक स्वास्थ्य एवं शिक्षण सामग्री खरिद, उत्पादन, भण्डारण, बिक्री-वितरण एवं प्रयोग गर्ने ।

(१०) राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँग समन्वय गरी योग तथा प्राकृतिक चिकित्सा सम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गर्ने ।

परिच्छेद : ३
सञ्चालक समितिको गठन र पदावधि

५. चिकित्सालय सञ्चालक समितिको गठन र पदावधि :

चिकित्सालयको विकास, विस्तार, स्तरोन्नति, सुसञ्चालन, नीतिगत निर्णय एवं सुपरिवेक्षणका लागि देहायका पदाधिकारीहरू रहेको एक सञ्चालक समिति रहनेछ ।

(क) काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार - अध्यक्ष
(ख) स्कुल अफ आर्ट्सका डिन - उपाध्यक्ष
(ग) पनौती नगरपालिकाका नगरप्रमुख - सदस्य
(घ) योगिक साइन्स विषयका विभागाध्यक्ष - सदस्य
(ङ) हिकासका प्रतिनिधि - सदस्य
(च) स्कुल अफ मेडिकल साइन्सेजका प्रतिनिधि - सदस्य
(छ) विश्वविद्यालय वित्त शाखाका प्रमुख - सदस्य
(ज) चिकित्सालय निर्देशक - सदस्य-सचिव

सञ्चालक समितिका पदेन सदस्यहरू बाहेक मनोनित सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ ।

६. विभिन्न उपसमिति गठन :

सञ्चालक समितिले चिकित्सालयलाई व्यवस्थित तवरले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमितिहरू गठन गरेर सम्पादन गर्नुपर्ने काम र कार्यविधि तोकी जिम्मेवारी दिन सक्नेछ ।

परिच्छेद : ४
सञ्चालक समितिको बैठक तथा सञ्चालन कार्यविधि

७. सञ्चालक समितिको बैठक, सञ्चालन र कार्यविधि :

(१) सञ्चालक समितिको बैठक अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले बोलाउनेछ । साधारणतया बैठक बस्नुभन्दा ३ दिन अगावै हरेक सदस्यहरूलाई सूचना गरिनेछ तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ ।

(२) सञ्चालक समितिको गणपूरक सङ्ख्या सञ्चालक समितिको सम्पूर्ण सदस्य सङ्ख्याको ५० प्रतिशत हुनेछ । तर गणपूरक सङ्ख्याको अभावमा बैठक स्थगित भई पुनः बोलाएको बैठकमा बहालवाला सदस्य सङ्ख्याको ३३ प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ ।

(३) सञ्चालक समितिको बैठकमा गर्ने निर्णयहरू उपस्थित सदस्यहरूको बहुमतद्वारा गरिनेछ । पक्ष-विपक्षमा बराबर मत भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(४) सञ्चालक समितिको बैठकमा भएका निर्णयहरूलाई माइन्युट गरिनेछ र अध्यक्षबाट प्रमाणित गराई प्रत्येक सदस्य एवं कार्यकारी परिषद्मा पठाइनेछ ।

(५) सञ्चालक समितिले गरेको निर्णयलाई कार्यकारी परिषद्ले असान्दर्भिक ठहऱ्याए पुनरवलोकनका लागि पुनः बैठक गरी निर्णय सच्याउन निर्देश गर्न सक्नेछ ।

(६) सञ्चालक समितिले आवश्यक ठानेमा बैठकमा अन्य महानुभावहरूलाई आमन्त्रित गर्न सक्नेछ । आमन्त्रित महानुभावहरूले छलफलमा भाग लिन सक्नेछन् तर मतदानमा भाग लिन पाउने छैनन् ।

(७) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

८. वर्षान्त बैठक :

चिकित्सालयले गत आर्थिक वर्षमा गरेका क्रियाकलापलाई समीक्षा गर्ने हेतुले बसेको नियमित बैठकलाई वर्षान्त बैठकका रूपमा मानिनेछ । यस्तो बैठकले निम्नलिखित

विषयवस्तुहरूलाई पारित गरेर विश्वविद्यालयको कार्यकारी परिषद्मा अनुमोदनका लागि पठाउनुपर्नेछ ।

(क) चिकित्सालयको गत वर्षको वार्षिक प्रतिवेदन,

(ख) चिकित्सालयको विकास, विस्तार र आगामी कार्यक्रम सम्बन्धी विषय,

(ग) वार्षिक बजेट वा पूरक आयव्यय विवरण सम्बन्धी प्रस्ताव,

(घ) लेखापरीक्षण सम्बन्धी प्रतिवेदन,

(ङ) विभिन्न उपसमिति एवं सहयोग समिति एवं कार्यदलहरूको अद्यावधिक विवरण,

(च) कर्मचारीहरूको अद्यावधिक विवरण,

(छ) विविध ।

परिच्छेद : ५
सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

९. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :

(१) चिकित्सालयको मूलभूत उद्देश्य हासिल गर्न अल्पकालीन एवं दीर्घकालीन कार्यक्रमहरू निर्धारण गरी कार्यान्वयन गर्ने-गराउने ।

(२) चिकित्सालयको विकास, विस्तार र स्तरोन्नतिका योजनाहरू बनाई कार्यान्वयन गर्न आवश्यक पहलकदमी लिने ।

(३) चिकित्सालय निर्माणका लागि आवश्यक साधन, स्रोत, जनशक्ति, अर्थ आदिको पहिचान गरी प्राप्त गर्ने रणनीतिक योजनाहरू तयार गर्ने ।

(४) चिकित्सालयलाई आवश्यक पर्ने विभिन्न जनशक्तिहरूको दरबन्दी सृजना र सोको आवश्यक न्यूनतम योग्यता समेत निर्धारण गरी पदपूर्तिका लागि सम्बन्धित निकायमा पठाउने ।

(५) चिकित्सालयको चल, अचल एवं बौद्धिक सम्पत्तिहरूको रक्षण एवं संवर्धन गर्ने ।

(६) स्वदेशी वा विदेशी सङ्घ-संस्था, व्यक्ति वा जनसमुदायबाट दानदातव्य र अन्य सहयोग प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने र स्वीकृति प्राप्त भएपछि प्राप्त भएको सहयोगको यथोचित उपयोग गर्ने ।

(७) आवश्यकता अनुसार विभिन्न प्रकारको कोषको स्थापना गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने र स्वीकृति प्राप्त भएपछि सो सञ्चालन गर्ने ।

(८) चिकित्सालयद्वारा प्रदान गरिने सेवाहरूको किसिम तोक्ने तथा सोको शुल्क निर्धारण गर्ने ।

(९) चिकित्सालयमा उपचारार्थ आउने गरिब एवं असहाय बिरामीहरूलाई शुल्क तिर्न नसक्ने अवस्था भएमा छुट एवं मिनाहा सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(१०) चिकित्सालयको सञ्चालकलाई प्रभावकारी बनाउन आवश्यकता अनुरूप विभिन्न उपसमितिहरू गठन गर्ने र सो उपसमितिको कार्यक्षेत्र एवं कार्यविधि तोक्ने ।

(११) चिकित्सालय बाहिरका विशेषज्ञहरूबाट चिकित्सालयको कुनै कार्य गराउनका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने ।

(१२) आन्तरिक आयस्रोतबाट व्यहोर्ने गरी आफू अन्तर्गतका चिकित्सक र कर्मचारीलाई पुरस्कार, प्रशंसापत्र वा सुविधाको उचित व्यवस्था गर्ने ।

(१३) कार्यकारी परिषद्बाट स्वीकृति लिई स्वदेशी वा विदेशी सङ्घ-संस्था, व्यक्ति वा जनसमुदायबाट दानदातव्य र सहयोग प्राप्त गर्ने ।

(१४) योग तथा प्राकृतिक चिकित्सासँग सम्बन्धित चिकित्सकीय एवं शैक्षिक कार्यक्रमहरू, व्यावसायिक एवं सीपमूलक तालिमहरू, प्राज्ञिक सभा एवं सम्मेलन लगायतका ज्ञान हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(१५) चिकित्सालयको उद्देश्य हासिल गर्न मातहतमा आवश्यकता अनुसार देशमा अन्य स्थानहरूमा पनि सेवा विस्तार गर्न आवश्यक कार्य गर्दै जाने ।

(१६) चिकित्सालयको नियमित एवं विशेष कामकाजहरूलाई विधिसङ्गत सञ्चालन गर्न आवश्यक पर्ने नियम, विनियम र कार्यविधिहरू बनाई लागू गर्ने ।

परिच्छेद : ६
चिकित्सालय निर्देशक

१०. चिकित्सालय निर्देशकको नियुक्ति :

(१) काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालयको चिकित्सकीय, शैक्षिक, प्रशासनिक तथा आर्थिक कार्यहरू समेत सञ्चालन गर्ने गरी पूर्णकालीन पदाधिकारी या कार्यालय प्रमुखका रूपमा चिकित्सालय निर्देशकको नियुक्ति कार्यकारी परिषद्ले गर्नेछ ।

(२) चिकित्सालय निर्देशक चिकित्सालय सञ्चालक समितिप्रति उत्तरदायी हुनेछन् ।

(३) चिकित्सालय निर्देशकको पदावधि ४ वर्षको हुनेछ ।

(४) चिकित्सालय निर्देशकको तलब, भत्ता, बिदा र अन्य सुविधाहरू कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

परिच्छेद : ७
चिकित्सालय निर्देशकको काम, कर्तव्य र अधिकार

११. चिकित्सालय निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) चिकित्सालयका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजनाहरू तर्जुमा गरी स्वीकृतिका लागि चिकित्सालय सञ्चालक समिति समक्ष पेस गर्ने ।

(२) चिकित्सालय सञ्चालक समितिले पारित गरेका निर्णयहरू कार्यान्वयन गर्ने-गराउने ।

(३) चिकित्सालयको वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी सञ्चालक समितिमा पठाउने । बजेट स्वीकृत भएपछि बजेट अनुरूपका कार्यक्रमहरू गर्ने-गराउने ।

(४) चिकित्सालय सञ्चालनका लागि आवश्यक पर्ने आर्थिक सहायता, पुँजीगत अनुदान, चिकित्सकीय सामग्री, यन्त्र-उपकरण, शैक्षिक सामग्री उपलब्ध गराउन, उदारमना दानवीर दाताहरू, सरकारी, गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरू एवं कूटनीतिक निकायहरूसँग सम्पर्क राख्ने, वार्तालाप गर्ने र त्यसरी प्राप्त हुने दानदातव्य ग्रहण गर्न स्वीकृतिका लागि कार्यकारी परिषद् एवं सम्बन्धित निकायमा सिफारिस गरी पठाउने । स्वीकृति प्राप्त भएपछि सोही अनुरूप कार्य सञ्चालन गर्ने ।

(५) चिकित्सालयको उद्देश्य अनुरूप सञ्चालन भइरहेका चिकित्सकीय, शैक्षिक तथा सेवा सम्बन्धी कार्यहरूका प्रगति विवरण सञ्चालक समितिमा पेस गरी स्वीकृत भएपछि सम्बन्धित निकायमा पेस गर्ने ।

(६) विश्वविद्यालयको ऐन, कानुन, नीति, नियम, निर्देशन, परिपत्र एवं आदेश आदिले निर्दिष्ट गरेका कार्यहरू गर्ने-गराउने ।

(७) चिकित्सालयका लागि आवश्यक विभिन्न प्रकारका दरबन्दीहरूको पहिचान गरी सञ्चालक समितिमा पेस गर्ने र सञ्चालक समितिको निर्णय बमोजिम सम्बन्धित निकायमा पदपूर्तिका लागि आवश्यक पहल गर्ने ।

(८) चिकित्सालयको चिकित्सकीय सेवालाई चुस्त-दुरुस्त राख्नका लागि आवश्यक चिकित्सकीय प्रोटोकलहरू तयार गरी लागू गराउने ।

(९) योग तथा प्राकृतिक चिकित्सा सेवाको मर्म र भावना अनुरूप स्थापित मानाङ्कहरू कायम गर्ने-गराउने ।

(१०) चिकित्सालयका चिकित्सक, परिचर, प्यारामेडिकल स्टाफ एवं कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गरी चिकित्सालय सञ्चालक समिति समक्ष पेस गर्ने ।

(११) चिकित्सालयमा मितव्ययिता र सुशासन कायम गर्ने-गराउने ।

(१२) कार्यकारी परिषद् र सञ्चालक समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

परिच्छेद : ८
चिकित्सालयका सेवाहरू

१२. चिकित्सकीय सेवा :

चिकित्सालयमा योग, प्राकृतिक चिकित्सा, आयुर्वेद एवं परम्परागत चिकित्साका चिकित्सकीय सेवाहरू कार्यकारी परिषद्बाट स्वीकृति लिएर सञ्चालनमा ल्याइनेछ । चिकित्सालयमा विभिन्न चिकित्सकीय सेवाहरू सञ्चालनमा ल्याउने निर्णय सञ्चालक समितिको सिफारिसमा कार्यकारी परिषद्ले आवश्यकता अनुसार विभिन्न चिकित्सकीय एकाइ, विभाग वा अन्य उपयुक्त अङ्ग स्थापना गरी गर्नेछ ।

१३. अन्तरङ्ग सेवा :

चिकित्सालयमा साधारण, विशेष, विशिष्टीकृत, डिलक्स एवं सुइट वर्गका सुविधासम्पन्न अन्तरङ्ग सेवाहरू आवश्यकता अनुसार सञ्चालनमा ल्याइनेछन् । चिकित्सालयको अन्तरङ्ग सेवालाई विकास, विस्तार एवं स्तरोन्नति गरी सुविधासम्पन्न बनाउने कार्यको निर्णय कार्यकारी परिषद्ले गर्नेछ ।

१४. भोजनालय व्यवस्थापन :

योग तथा प्राकृतिक चिकित्सालयको भोजनालय व्यवस्थापन चिकित्सालय आफैँले गर्नेछ । भान्सामा शुद्ध, शाकाहारी, प्राकृतिक भोजन मात्र पाक्नेछ । भोजनालय प्राकृतिक चिकित्साको मूलभूत सिद्धान्तमा केन्द्रित रहेर भोजन नै औषधि हो भन्ने मूल मर्मका साथ सञ्चालन हुनेछ ।

१५. दैनिक उपभोग्य केन्द्र व्यवस्थापन :

चिकित्सालयमा दैनिक आवश्यक पर्ने सामग्रीहरू उपलब्ध गराउन चिकित्सालय आफैँले वा व्यावसायिक मान्यताप्राप्त संस्थालाई दैनिक उपभोग्य केन्द्र सञ्चालन गर्न दिन सक्नेछ ।

परिच्छेद : ९
कर्मचारीको व्यवस्था

१६. दरबन्दी व्यवस्था :

चिकित्सालयका लागि आवश्यक कर्मचारीहरूको दरबन्दी, दरबन्दीहरूको प्रकार र प्रकृतिको स्वीकृति कार्यकारी परिषद्ले गर्नेछ ।

१७. कर्मचारी भर्ना एवं पदपूर्ति :

चिकित्सालयलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि आवश्यक कर्मचारीहरूको पदपूर्ति कार्यकारी परिषद्बाट स्वीकृत दरबन्दी अनुरूप चिकित्सालय सञ्चालक समितिले गर्नेछ । चिकित्सालयमा स्थायी, करार र दैनिक हाजिरी (ज्यालादारी) गरेर तीन किसिमका कर्मचारीहरू नियुक्त गर्न सकिनेछ ।

१८.जवाफदेही एवं उत्तरदायी :

चिकित्सालय निर्देशक सञ्चालक समितिका अध्यक्षप्रति जवाफदेही एवं उत्तरदायी हुनेछन् । चिकित्सालयका अन्य कर्मचारी चिकित्सालयका निर्देशकप्रति जवाफदेही एवं उत्तरदायी हुनेछन् ।

१९. बिदाको स्वीकृति :

चिकित्सालय निर्देशकको बिदाको स्वीकृति चिकित्सालय सञ्चालक समितिको अध्यक्षले गर्नेछन् । चिकित्सालयका अन्य कर्मचारीहरूको बिदा स्वीकृत गर्ने अधिकार चिकित्सालय निर्देशकलाई हुनेछ ।

परिच्छेद : १०
चिकित्सालयको वित्त व्यवस्था

२०. चिकित्सालय कोषको स्थापना :

चिकित्सालय कोषको स्थापना गरी त्यसमा निम्न बमोजिमको रकम राखिनेछ ।

(१) विश्वविद्यालयबाट प्राप्त अनुदान रकम,

(२) स्वदेश तथा विदेशका विभिन्न निकायबाट प्राप्त अनुदान, चन्दा, दानदातव्य आदि ।

(३) चिकित्सालयले सेवा प्रदान गरे बापत खर्च कटौती गरी बाँकी बचतमध्येबाट कोषमा जम्मा गरेको रकम ।

(४) स्वदेश एवं विदेशका निकायहरू मार्फत दान, अनुदान एवं सहयोगस्वरूप रकम प्राप्त गर्नुअघि कार्यकारी परिषदबाट अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

परिच्छेद : ११
आर्थिक व्यवस्था

२१. आर्थिक व्यवस्था :

चिकित्सालयको आर्थिक व्यवस्था सम्बन्धी अर्को व्यवस्था नभएसम्म विश्वविद्यालयको आर्थिक नियम २०४९ ले तोकिदिए बमोजिम हुनेछ ।

२२. **चिकित्सालयको खाता सञ्चालन :**

(१) चिकित्सालयको वार्षिक आय र व्ययका लागि छुट्टाछुट्टै बैङ्क खाताहरू खोलिनेछ ।

(२) चिकित्सालयको आय खाता विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रारको संयुक्त हस्ताक्षरमा सञ्चालन हुनेछ ।

(३) चिकित्सालयको व्यय खाता चिकित्सालय निर्देशक र लेखाप्रमुखको संयुक्त हस्ताक्षरमा सञ्चालन हुनेछ ।

परिच्छेद : १२
लेखापरीक्षण

२३. **चिकित्सालयको लेखापरीक्षकको नियुक्ति र काम-कर्तव्य :**

(१) लेखापरीक्षकको नियुक्ति कार्यकारी परिषदले गर्नेछ ।

(२) प्रत्येक वर्ष चिकित्सालयको लेखापरीक्षण गराइनेछ ।

(३) लेखापरीक्षकको प्रतिवेदन कार्यकारी परिषद्मा प्रत्येक वर्ष बुझाउनुपर्नेछ ।

परिच्छेद : १३
निर्देशिका परिमार्जन

२४. **निर्देशिका परिमार्जन :**

चिकित्सालयको सञ्चालन, विकास, विस्तार एवं स्तरोन्नति गर्ने क्रममा यो निर्देशिका परिमार्जन गर्नुपर्ने भएमा निर्देशिकाको परिमार्जन कार्यकारी परिषद्ले गर्नेछ ।

परिच्छेद : १४
बाधा-अडकाउ फुकाउने अधिकार

२५. **बाधा-अडकाउ फुकाउने अधिकार :**

(१) काठमाडौं विश्वविद्यालय योग तथा प्राकृतिक चिकित्सालय सञ्चालन गर्ने क्रममा कुनै बाधा-अडकाउ पर्न गएमा त्यस्ता बाधा-अडकाउ हटाउने वा फुकाउने अधिकार काठमाडौं विश्वविद्यालय कार्यकारी परिषद्लाई हुनेछ ।

(२) यस निर्देशिकाले निर्दिष्ट गरेका चिकित्सालयका उद्देश्यहरू परिपूर्तिका लागि सञ्चालक समितिले कार्यप्रणाली वा कार्यविधि बनाई कार्यकारी परिषद्बाट अनुमोदन गराई लागू गर्न सक्नेछ ।